





# वार्षिक प्रगति पुस्तिका

## आ.व.२०८०/०८१



गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

**डिभिजन वन कार्यालय,**

**स्याङ्जा**



सुन्दरचौर वनस्पती सूचनाकेन्द्र, भिरकोट न.पा.-६, स्याङ्जा



थामतलेत्रो सा.व.उ.स.आँधीखोला-४, समूहको आम भेलामा छलफलमा सहभागीहरू



मृत वन्यजन्तु भार्से (ओत) को उद्धार गर्दै कर्मचारी तथा स्थानिय



वन डडेलो नियन्त्रण तथा व्यवस्थापनका लागि सरोकारवालाहरूसँग अर्न्तक्रिया



करेन्नडाँडा हरित पार्क निर्माण स्थल पुतलीबजार-११, स्याङ्जा



हरियाली उद्यान निर्माण, देउराली सा.व. पुतलीबजार न.पा. ८, वहाकोट, स्याङ्जा

# वार्षिक प्रगति पुस्तिका -२०८१

डिभिजन वन कार्यालय, स्याङ्जा

२०८१

आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन २०८१ ।

**सल्लाहकार**

श्री नवराज बराल डिभिजनल वन अधिकृत

**सम्पादन गर्ने** : वन अधिकृत, अधिकृत स्तर आठौं श्री सन्तोष पोखेल
वन अधिकृत, अधिकृत स्तर सातौ श्री अमर बहादुर पराजुली
डिभिजन वन कार्यालय, स्याङजा

**प्रकाशक** : डिभिजन वन कार्यालय, स्याङजा २०८१

**मुद्रण** : **बन्धु अफ्सेट प्रेस**
**पोखरा-९, नयाँबजार**
**फोन नं.** : **०६१-५८२३४४**
**ईमेल** : bandhupress@gmail.com

# मेरो भनाई



संघिय गणतान्त्रिक नेपालको गण्डकी प्रदेशमा पर्ने स्याङ्जा जिल्ला नेपालको मध्य पहाडी क्षेत्रमा अवस्थित भौगोलिक एवम् प्राकृतिक रूपले सौन्दर्य तथा जैविक बिविधताले भरिपूर्ण जिल्ला हो । जिल्लाको कुल भू-भागको ३२.१ % क्षेत्र वनले ढाकेको यस जिल्लामा हालसम्म ५२२ वटा सामुदायिक वन उपभोक्ता समूहहरू र १४ वटा कबुलियति वन उपभोक्ता समूहहरू गठन गरि बिशेषतः समुदायमा आधारीत वन व्यवस्थापन पद्धति अवलम्बन हुँदै आएको छ । डिभिजन वन कार्यालय, स्याङ्जाले मुख्यतयाः डिभिजन वन कार्यालयको कार्यक्रम, राष्ट्रिय वन विकास तथा व्यवस्थापन, जडिबुटी विकास, वातावरण विभाग, वन तथा भू-संरक्षण विभाग जस्ता कार्यक्रमहरू मार्फत वर्षेनि वन, वातावरण, वन्यजन्तु तथा जडिबुटीको विकास, संरक्षण र व्यवस्थापनका साथसाथै स्थानिय जनताको जिविकोपार्जन सुधारमा अग्रणी भुमिका खेल्दै आएको छ । पछिल्ला केहि वर्ष यता मानव वन्यजन्तु द्धन्द, वन डढेलोको प्रकोप, सामुदायिक वन उपभोक्ता समूहहरूको निष्कृयता जस्ता कारणले गर्दा आशातित उपलब्धि हासिल हुन सकि राखेको छैन ।

डिभिजन वन कार्यालय, स्याङ्जाले चालु आर्थिक वर्ष भरिमा संचालन तथा सम्पन्न गरेका लक्षित तथा अन्य कार्यक्रमहरूको प्रगती र हाँसिल गरेका उपलब्धिहरू, पहुँच, चुनौति, समस्या तथा समाधानका प्रयासहरूलाई समेटेर यो **वार्षिक प्रगति पुस्तिका प्रतिवेदन २०८०/०८१** प्रकाशन गरेको छ । यस क्रममा वार्षिक कार्यक्रम संचालन तथा सम्पन्न गर्न यस जिल्ला स्थित जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरू, सरकारी तथा गैर सरकारी संघ संस्थाहरू, जननिर्वाचित प्रतिनिधिहरू, उपभोक्ता समूहरू, सामुदायिक वन उपभोक्ता महासंघ, नीजि तथा पारिवारिक वन संजाल, राजनैतिक दल, नागरिक समाज लगायत अन्य सरोकारवालाहरूले पुऱ्याउनु भएको सहयोग, समन्वय र योगदानका लागि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

प्रस्तुत पुस्तिकाले बार्षिक कार्यक्रम कार्यान्वयनका सम्दर्भमा हाँसिल

भएका उपलब्धीहरू तथा देखा परेका चुनौतीहरूलाई यथार्थ रूपमा आम जनसमुदाय र सम्बन्धित निकाय समक्ष उजागर गरी वन, वन्यजन्तु एवं जैविक बिविधता संरक्षणमा चासो राख्ने सबै सरोकारवालाहरूको थप ध्यानाकर्षण भई यसको समुचित व्यवस्थापन तर्फ सक्रियता बढ्न जानेछ भन्ने बिश्वास गरेको छु । भविष्यमा यस पुस्तिकालाई अझ राम्रो, सुचनामुलक, सरल र आकर्षक बनाउनका लागि यहाँहरूको अमूल्य सुझाव, पृष्ठपोषण, मार्गदर्शन र प्रतिक्रियाहरू प्राप्त हुनेछ भन्ने अपेक्षा पनि लिएको छु ।

अन्तमा यस पुस्तिकाको प्रकाशनका लागि आवश्यक तथ्याङ्कहरू लिई सम्पादनमा अहोरात्र खटिनु हुने डिभिजन वन कार्यालय स्याङ्जाका वन अधिकृत द्वय सन्तोष पोखेल र अमर बहादुर पराजुलीलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसै गरी फिल्डस्तरबाट तथ्याङ्क सङ्कलन गरी पठाउने ८ वटै सव डिभिजन वन कार्यालयका प्रमुखज्यूहरू, फरेष्टर, वनरक्षक सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सबै कर्मचारीहरूले निर्वाह गर्नु भएको भुमिका प्रेरणा र उत्साह अविश्मरणीय रहनेछ । धन्यवाद ।

**नवराज बराल**

**डिभिजनल वन अधिकृत**

**डिभिजन वन कार्यालय, स्याङ्जा**

# विषयसूची


**भाग– १**

जिल्ला तथा वन सम्वन्धी सामान्य परिचय १

१. ऐतिहासिक पृष्ठभूमि र परिचय १

**भाग–२**

बार्षिक कार्यक्रम तथा प्रगतीको विवरण ७

**अनुसूचीहरु**

अनुसुचि १ वन्यजन्तुबाट भएको क्षती र राहतको विवरण २२

अनुसुचि २ वन्यजन्तुको उद्धार सम्बन्धि बिवरण २२

अनुसुचि ३ वन, वन्यजन्तु सम्बद्ध अपराधका घटनाको .... २३

अनुसुचि ४ सामुदायिक वनबाट उत्पादन भई समुह बाहीर विक्रि .... २३

अनुसुचि ५ निजी दर्ता जग्गाबाट उत्पादन भई विक्रि...... २४

अनुसुचि ६ मुद्धामा बरामद भएको तथा वेवारीसे काठ विक्रि ... २४

अनुसुचि ७ बेरूजु र फर्स्यौटको बिवरण २४

अनुसुचि ८ ब्यबस्थापनको आधारमा वन सम्बन्धी विवरण २५

अनुसुचि ९ सवारी साधनको बिवरण २६

अनुसुचि १० भवनको बिवरण २७

अनुसुचि ११ प्रगति विवरण २८


# भाग–१

# जिल्ला तथा वन सम्वन्धी सामान्य परिचय

## १. ऐतिहासिक पृष्ठभूमि र परिचय

नेपालका हालका ७७ जिल्लाहरु मध्ये स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो । पूर्वमा तनहुँ, पश्चिममा गुल्मी र पाल्पा, उत्तरमा पर्वत र स्याङजा तथा दक्षिणमा पाल्पा (काली गण्डकी नदी) अवस्थित छ । यस जिल्लाको कुल क्षेत्रफल ११६४ वर्गकिलोमिटर रहेको छ । यो जिल्ला समुन्द्र सतहबाट ३६६ मिटर (केलादी) देखि २५१२ मीटर (पञ्चासे) लेक सम्मको उचाइमा रहेको यस जिल्लाको भौगोलिक र प्राकृतिक स्वरुप विविधायुक्त छ ।

जिल्लाको पूर्व पश्चिम लम्बाई २२.५०८ देखि ५२.३५५ कि.मि. सम्म रहेको छ । उत्तर दक्षिण चौडाई २७.३३ देखि ३७.८३९ कि मी रहेको छ । जिल्लाको कुल क्षेत्रफल मध्ये २.९६ प्रतिशत लगभग समथल, ३.८३ प्रतिशत मध्यम भिरालो, ०.४५ प्रतिशत अलिकति उतार चढाव भएको, २.४४ प्रतिशत बढि उत्तार चढाव भएको, ४५.९६ प्रतिशत भिरालो पहाडी क्षेत्र र ४४.३४ प्रतिशत अति भिरालो क्षेत्र रहेको छ । सिमाना तथा राजनैतिक विभाजन अनुसार हाल यस जिल्लामा ५ नगरपालिहरु, ६ वटा गाउपालिकाहरु, २ वटा संसदीय निर्वाचन क्षेत्र र ४ वटा प्रदेश निर्वाचन क्षेत्रहरुमा विभाजन गरिएको छ ।



यस जिल्लाको नाम स्याङ्जा रहनूमा विभिन्न कथनहरू पाइएका छन् । तिनीहरूमा निम्न कथनहरू प्रमूख छन् ।अठारौं शताब्दी तिर आँधीखोला उर्लदै बढेर आए पछि ठेलिएछ । यसरी ठेलिएको देखेपछि मानिसहरूमा हाहाकार मच्चिन थाल्यो । एक जना सज्जन बृद्धले भगवानलाई पूकार्दै खोलो "स्यांइय जा" भन्ने कामना गरेछन् । बृद्धको कामना संगै ठेलिएको खोलो स्यांइय सूकेर गएपछि "स्यांइय जा" को अप्रभंस भएर स्याङ्जा हून गएको हो भन्ने भनाई छ ।

एकीकरण पुर्ब सेन बंशीय चौबीसे राज्य अन्तर्गत सतौं, गह्रौं, नूवाकोट र भीरकोट राज्यमा बिभक्त भै "सेन जा" भन्दै कालान्तरमा स्याङ्जा नाम रहन गएको हो भन्ने भनाई छ ।

यस जिल्लामा सिंजाली मगरहरूको ठूलो बस्ती भएकोले उनीहरूकै थरबाट अपभ्रंस भएर यस जिल्लाको नाम स्याङ्जा रहन गएको हो भन्ने भनाई पनि छ ।

## १.१. स्याङ्जाको भौतिक अवस्था

| | |
|---|---|
| प्रदेश | गण्डकी |
| जिल्ला | स्याङ्जा (पहाडी जिल्ला) |
| देशान्तर | ८३० २७ "पूर्व देखि ८४० ४६" पूर्बी देशान्तर |
| अक्षांश | २७० ५० "देखि २८० १५" उत्तरी अक्षांश |
| सिमाना | पुर्वमा तनहूं जिल्ला, पश्चिममा गूल्मी र पाल्पा जिल्ला, उत्तरमा पर्बत र स्याङजा जिल्ला तथा दक्षिणमा काली गण्डकी तथा पाल्पा जिल्ला नदी |
| उचाई | समून्द्र सतहबाट ३६६ देखि २५१२ मीटर |
| सदरमूकाम | स्याङ्जा पूतलीबजार (समून्द्र सतहबाट ८५० मी.) |
| हावापानी | उष्ण प्रदेशीय जलवायू १५ प्रतिशत भागमा, शमशीतो ष्ण प्रदेशीय जलवायू ७० प्रतिशत भागमा र शीत प्रदेशीय जलवायू १५ प्रतिशत भागमा |
| बर्षा एवं तापक्रम | वार्षिक औसत बर्षा २६६५मी.मी, मौसमी बर्षा आषाढ देखि असौज सम्म, सामान्य बर्षा कार्तिक देखि जेष्ठ सम्म र अधिकतम तापक्रम २८ डि.से., न्यूनतम तापक्रम ९.५ डि.से. |

## १.२. भौगोलिक सिमाना

| | |
|---|---|
| पूर्व | तनहूँ  जिल्ला |
| पश्चिम | कालीगण्डकी नदी गुल्मी र पाल्पा जिल्ला |
| उतर | पर्बत जिल्ला |
| दक्षिण | कालीगण्डकी नदी पाल्पा जिल्ला |

## १.३. राजनैतिक तथा प्रशासनिक विभाजन

संसदीय निर्वाचन क्षेत्र संघ :  २ वटा

संसदीय निर्वाचन क्षेत्र प्रदेश :  ४ वटा

नगरपालिका : ५ वटा(पुतलीबजार, वालिङ, चापाकोट, भीरकोट र गल्याङ)

गाउँपालिका : ६ वटा (आँधीखोला, फेँदीखोला, हरिनास, अर्जुनचौपारी, कालीगण्डकी र बिरूवा)

वडा संख्या : ९५ वटा

## १.४. जनसंख्या सम्बन्धी विवरण (श्रोत :राष्ट्रिय जनगणना २०७८)

जिल्लाको जम्मा घरधुरी संख्या : ७०७२१

जिल्लाको जनसंख्या : २५४९६५

पुरूष : ११८०७६ (४३.५ प्रतिशत)

महिला : १३६८८९ (५६.५ प्रतिशत)

लैंगिक (पुरूष महिला) अनुपातः८६.२६

परिवारको औषत आकार : ३.६१

नगरपालिकाः १,८५,५१७ (४४३५६ HHs),

पुरूष : ८०,७०७ महिला : १,०४,८१०

गाउपालिकाः १,०२,५८३ (२४५०० HHs),

पुरूष : ४४,१६४ महिला : ५८,४१९

जनघनत्व : २१९ जना (प्रति बर्ग कि.मी.) र सरदर जनसंख्या बृद्धिदर : १.२१

अनुपस्थित जनसंख्याः ३५९४० पुरूषः  ३१५०२ महिलाः ४४३८

## १.५. जिल्लाका प्रमूख बजारहरूः

फेदिखोला, सेतीदोभान, जूग्ले, नौडाडा, बाडखोला, स्याङ्जा बजार, राङखोला, बिरूवा, अर्जूनचौपारी, बयरघारी, रामबाच्छा, वालिङ, भकूण्डे, भोलूङे, गल्याङ, मिर्मि, क्याक्मी, दामाचौर, र सून्तलीटार आदि ।

### १.६. मुख्य नदि/खोलाहरू

कालीगण्डकी, आँधीखोला, ज्याग्दीखोला, दरौंखोला, राङ्खोला, सेतीखोला, अरौंदीखोला, बाडखोला, लुब्दीखोला, अर्मादीखोला, मिर्दीखोला, बायाखोला, फौदीखोला, दौदीखोला, कुलुङखोला, चिसापानीखोला बास्ताराखोला, म्याङखोला, ठुलोखोला, रिङ्खेखोला आदि ।

### १.७. प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थानहरू

| क्र.सं. | स्थल | महत्व | स्थान |
|---|---|---|---|
| १ | छायाँक्षेत्र | धार्मिक | छाङ्छाङ्दी |
| २ | राम्दीघाट | धार्मिक,जलयात्रा, पर्यटन | गल्याङ न.पा.,राम्दी |
| ३ | अन्धाअन्धी दह | धार्मिक,ऐतिहासिक, पर्यटकीय | आँधीखोला गा.पा. |
| ४ | सिरूवारी | ग्रामिण,पर्यटन,संस्कृति | आँधीखोला गा.पा. |
| ५ | ग्रहौकालिका | धार्मिक, ऐतिहासिक | वालिङ न.पा. |
| ६ | चण्डीकालिका | धार्मिक, ऐतिहासिक | पुतलीबजार न.पा. |
| ७ | डहरे देउराली | धार्मिक, ऐतिहासिक | फेँदीखोला गा.पा. |
| ८ | कैलाश गुफा | धार्मिक, पर्यटन | पुतलीबजार न.पा. |
| ९ | पञ्चासे धाम | धार्मिक, पर्यटन | फेँदीखोला न.पा. |
| १० | मनकामना | धार्मिक, पर्यटन | बिरूवा गा.पा. |
| ११ | आलमदेवी | धार्मिक,ऐतिहासिक, पर्यटकीय | कालीगण्डकी गा.पा. |
| १२ | केलादीघाट | धार्मिक, पर्यटन | चापाकोट न.पा. |
| १३ | सेतिवेणी | धार्मिक,जलयात्रा, पर्यटन | गल्याङ न.पा. |
| १४ | सुन्दरचौर | पर्यटन | भीरकोट न.पा. |
| १५ | गुणीखोला | धार्मिक | पुतलीबजार न.पा. |
| १६ | भीरकोट | पर्यटन, प्याराग्लाइडिङ | भीरकोट न.पा. |
| १७ | सिरकोट मैदान | | भीरकोट न.पा. |
| १८ | भैरवथान,गिरेकोट | पर्यटन | हरिनास गा.पा. |
| १९ | ताम्कीकोट | ऐतिहासिक तथा पर्यटन | गल्याङ न.पा. |
| २० | थामकीकोट | धार्मिक | हरिनास गा.पा. |
| २१ | मट्टीखान | पर्यटन | फेँदीखोला गा.पा. |
| २२ | अकलादेवी | धार्मिक, पर्यटन | वालिङ न.पा. |

| | | | |
|---|---|---|---|
| २३ | मणिमुकुन्देश्वर | धार्मिक | चापाकोट न.पा. |
| २४ | जोगीनाम्सा शिवालय | धार्मिक | चापाकोट न.पा. |
| २५ | माझीगाउँ देवी | धार्मिक | चापाकोट न.पा. |
| २६ | कुटी | धार्मिक | चापाकोट न.पा. |

**१.८. वनस्पति र वन्यजन्तु :**

यस जिल्लाको भौगोलीक विविधता सँगसँगै उपोष्ण देखि उच्च हिमाली जलवायु पाईने हुँदा वनस्पती र सोही अनुसार वन्यजन्तुमा पनि विविधता रहेको पाईन्छ । यहा उपोष्णदेखि अल्पाईन सम्मको निम्नानुसारको वन पाईन्छ ।

Sub-tropical Broad Leaf Forest: (१५०० मी. भन्दा कम उचाई) आद्र क्षेत्रहरूमा चिलाउने (Schima wallichii) कटुस (Castanopsis indica) र उत्तिस(Alnus nepalensis ) प्रजाती,सुख्खा ठाउंहरूमा प्रजातिहरू, कम उचाई भएका केही क्षेत्रहरूमा सालको वन पाइन्छ ।

Temperate Forest: (१५०० देखि ३००० मी.) Mixed broad leaved प्रजातिहरु : खर्सु, गुरांस आदि ।

**गैह्रकाष्ठ वन पैदावार :**

बांस, निगालो, लोक्ता तथा जडिबुटीहरूमा, चिराईतो, दालचिनी आदि यस जिल्लामा मुख्य रूपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरु हुन् ।

**वन्यजन्तु :**


स्तनधारी : चितुवा, स्याल, रतुवा, दुम्सी, पाखे ओत ।
पंक्षी : कालिज, तित्रा, कोईली, ढिकुर, बकुल्ला, पानीहाँस, गिद्ध, चील, काग गौथली,भँगेरा ।
सरिसर्प : छेपारो, अजिंगर, सर्प आदि
उभयचर : भ्यागुता, पाहा आदि
किरा पुतली : खजुरो, कनसुत्लो, पुतली, फट्यांग्रा आदि

### १.९. चाडपर्व, जात्रा तथा मेला :

दशैं, तिहार, तिज, रक्षाबन्धन, कृष्णाष्टमी, श्रीपञ्चमी, साउने संक्रान्ती, माघे संक्रान्ति, मातातीर्थ औंशी, हरिशयनी एकादशी, हरीबोधिनी एकादशी, महाशिवरात्री, फागु पुर्णिमा, कुशे औशी, नागपञ्चमी, नयां वर्ष, पन्ध्र पुस, ल्होसार, गाईजात्रा, ईद आदि ।

### १.१०. भू-उपयोगिता:

यस जिल्लाको कुल क्षेत्रफल १०१३४९ हेक्टर रहेको छ । भू-उपयोग हेर्दा वनक्षेत्रले २५१९२.४३ हेक्टर (२५%) ओगटेको देखिन्छ । जसको स्वरूप चित्र १ तथा तालिका १ वमोजिम रहेको छ ।




**जिल्लाको भू-उपयोगिताको स्थिती**

| क्र.सं. | भू-उपयोगको विवरण | क्षेत्रफल (हे.) | जम्मा प्रतिशत |
|---|---|---|---|
| १ | कृषिजन्य भूमि | ६७६६५.१९ | ६७ |
| २ | वन जंगल | २०७३३.४९ | २१ |
| ३ | वुट्ट्यान घांसे मैदान | ४४५८.९४ | ४ |
| ४ | अन्य (चट्टान,खोला,वगर आदी) | ८४९१.३८ | ८ |
| जम्मा | | १०१३४९.०० | १०० |

# भाग- २

## बार्षिक कार्यक्रम तथा प्रगतीको विवरण

## आ. ब. २०८०।०८१ को बार्षिक बजेट तथा खर्चको विवरण (रकम रु लाखमा)

| कार्यक्रम | पुंजीगत कार्यक्रम | | चालु कार्यक्रम | | जम्मा | | भौतिक प्रगती प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | |
| **१.प्रदेश सरकार तर्फको** | | | | | | | |
| १.१ डिभिजन वन कार्यालयहरु | ८०.५ | ७१.५२ | ४३४ | ३१८.४२ | ५१४ | ३८९.९४ | ९८ |
| **प्रदेश सरकार तर्फको जम्मा** | ८०.५ | ७१.५२ | ४३४ | ३१८.४२ | ५१४ | ३८९.९४ | |
| **प्रदेश सरकार तर्फको खर्च प्रतिशतमा** | | ८८.८४ | | ७३.४३ | | ७५.८५ | |
| **२. संघिय शशर्त तर्फको** | | | | | | | |
| २.१.राष्ट्रिय वन विकास तथा ब्यबस्थापन | २१ | ११.९६ | ० | ० | २१ | ११.९६ | १०० |
| २.२.जडिबुटि विकास | ९ | ८.९९ | ० | ० | ९ | ८.९९ | |
| २.३.वातावरण विभाग | ६५ | ६१.४ | ० | ० | ६५ | ६१.४ | |
| **संघिय शशर्त तर्फको जम्मा** | ९५ | ८२.३५ | ० | ० | ९५ | ८२.३५ | |
| **संघिय शशर्त तर्फको खर्च प्रतिशत** | | ८६.६८ | | | | ८६.६८ | |
| **कुल जम्मा (प्रदेश सरकार र संघिय शशर्त समेत गरी)** | १७५.५ | १५३.८७ | ४३४ | ३१८.४२ | ६०९ | ४७२.२९ | |
| **कुल जम्मा (प्रदेश सरकार र संघिय शशर्त समेत गरी) को खर्च प्रतिशत** | | ८७.६८ | | ७३.४३ | | ७७.५५ | |

**प्रदेश सरकार तर्फको**

**कार्यक्रम : डिभिजन वन कार्यालयहरु**

**अ. पुंजीगत खर्च शिर्षक अन्तरगतका कार्यक्रमहरु :**

(१) कार्यालय प्रयोजनको लागि मेसिनरी औजार खरिद (कम्प्युटर/ल्यापटप/प्रिन्टर /सोलार/ईन्भर्टर) -लक्ष्य १ पटक बजेट रु. ३ लाख । प्रगती १ पटक खर्च रु २,९९,७००।- ) :

डेक्सटप कम्प्युटर - ४ वटा (मनिटर बाहेक), प्रिन्टर (स्क्यानर फोटो कपी सहितको)-२ वटा खरिद गरिएको ।

(२) एक्ले काब्रो रहेको स्थानमा चौतारो सहितको हरित वाल उद्यान निर्माण, गल्याङ ११ ,जिमुहा **-लक्ष्य** १गोटा बजेट रु १० लाख । **प्रगती** १ गोटा खर्च रु ८,७८,६१४.-) : गल्याङ न. पा. वडा नं ११ जिमुहामा चौतारो, तारबार, फुलक्यारी, पार्क प्रवेश स्थलमा गेट निर्माण, वृक्षारोपण सहित हरित वाल उद्यान निर्माण गरिएको ।

(३) कार्यालयको लागि फर्निचर तथा फिक्चर्स खरिद (लक्ष्य १ पटक बजेट रु. १ लाख । प्रगती १ गोटा खर्च रु ९९,५५३।-) :

**(क) नर्सरी र वृक्षारोपण कार्यक्रम**

(१) विरुवा उत्पादन (विभिन्न प्रकारका रुख काष्ठ तथा बहुउपयोगी प्रजाति) : (लक्ष्य ५०,००० गोटा बजेट रु ७.५ लाख । प्रगती ५०,५४९ गोटा विरुवा उत्पादन भएको खर्च रकम रु ७,४९,६६०।-)

| सि. नं. | जात | डिभिजन वन नर्सरी | पुतलीखेत नर्सरी | हरिपाला नर्सरी | गल्याङ नर्सरी | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | राईखन्यु | १२८५ | ७८१० | ० | ० | ९०९५ |
| २ | बडहर | ४२१५ | ५९९० | ० | ० | १०२०५ |
| ३ | तेजपात | २०१० | ० | ० | ० | २०१० |
| ४ | ईपील ईपील | ० | ० | १०५० | ० | १०५० |
| ५ | कोईरालो | ० | ० | १६४० | ० | १६४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | निमारो | ० | ४५८० | ० | ० | ४५८० |
| ७ | चांप | ० | ३०० | ० | ० | ३०० |
| ८ | मेन्डुला | ० | ० | ८२० | ० | ८२० |
| ९ | कटहर | २४९५ | १०२० | ० | ५८ | ३५७३ |
| १० | खयर | ० | ० | ० | १०३९६ | १०३९६ |
| ११ | राजबृक्ष | ० | ० | २५५० | ० | २५५० |
| १२ | टांकी | ० | ० | २७५ | ० | २७५ |
| १३ | असोक | ० | ३८० | ० | ० | ३८० |
| | **जम्मा** | **१०००५** | **२००८०** | **१००१०** | **१०४५४** | **१०,५४९** |

**(ख) जडिबुटी तथा गैरकाष्ठ वन पैदावार खेतिको विकास तथा विस्तार**

(१) नर्सरी मर्मत :(लक्ष्य ४ वटा बजेट रु. २ लाख । प्रगती ४ वटा खर्च रकम रु १,३४,३२९।-)

गल्याङ वन नर्सरी, डिभिजन वन नर्सरी, हरिपाला वन नर्सरी तथा पुतलीखेत वन नर्सरी मर्मत गरिएको ।

**(ग) सामुदायिक वन विकास कार्यक्रम**

(१) एक सामुदायिक वन एक पोखरी निर्माण (**लक्ष्य** ४ गोटा बजेट रु ४ लाख । **प्रगती** ४ गोटा खर्च रकम रु ३,९७,५००।-)

| **सि. नं.** | **पोखरी निर्माण गरिएको स्थान** |
|---|---|
| १ | पञ्चमुल सामुदायिक वन, आंधिखोला गा.पा. वडा नं १ पुतलीचौर गुरांस पार्क भन्ने स्थानमा । |
| २ | कञ्चनखोला अलैंचीबारी सामुदायिक वन, न.पा. वडा नं १ को तिनधारे भन्ने स्थानमा । |
| ३ | चन्द्रकोट मौरीपाखा सामुदायिक वन, पुतलीबजार न.पा. १२ चन्द्रकोट भन्ने स्थानमा । |
| ४ | एक्लेभिर मनकामना सामुदायिक वन, पुतलीबजार न.पा. वडा नं. १२ मनकामना भन्ने स्थानमा |

(२) सामुदायिक वन ब्यबस्थापन स्थलगत अभ्यास -लक्ष्य १२ पटक बजेट रु. ३.०० लाख । प्रगती १२ पटक खर्च रु २,९८,५८०।- )

| सि. नं. | सञ्चालन गरिएको सव डिभिजन वन कार्यालय | कार्यक्रम संचालन संख्या | सहभागी सा.व.को संख्या | सहभागि संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पूरुष | जम्मा |
| १ | आंधिखोला-फेदीखोला | २ | २ | ३४ | १५ | ४९ |
| २ | पुतलीबजार | २ | ३ | २० | २६ | ४६ |
| ३ | बिरुवा-हरिनास | २ | ५ | ११ | २९ | ४० |
| ४ | भिरकोट | १ | १ | ७ | २० | २७ |
| ५ | अर्जुनचौपारी | १ | १ | ५ | १५ | २० |
| ६ | वालीङ | १ | १ | ९ | १२ | २१ |
| ७ | चापाकोट | १ | १ | १० | ११ | २१ |
| ८ | गल्याङ-कालीगण्डकी | २ | ४ | १४ | ४९ | ६३ |
| | **जम्मा** | | | **११०** | **१७७** | **२८७** |

## (घ) शहरी वन विकास कार्यक्रम

(१) करेण्डांडा हरित पार्क निर्माण, पुतलीबजार न. पा. वडा नं ११ (लक्ष्य १गोटा बजेट रु ५ लाख । प्रगती १ गोटा खर्च रु ५,००,०००।-) : पुतलीबजार न. पा. वडा नं ११ करेण्डांडामा चौतारो, फुलक्यारी, पिङ, बिश्रामस्थल सहितको पार्क निर्माण गरिएको ।

(२) पार्क निर्माण, श्री प्रद्युन्न पनेरु उच्च मा.वि. आंधिखोला गा. पा. वडा नं. ५ रंगेठाटी (लक्ष्य १ गोटा बजेट रु ५ लाख । प्रगती १ गोटा खर्च रु ४,९९,९७०।-) : आंधिखोला गा. पा. वडा नं. ५ मा पर्ने विद्यालय परिसरमा पार्क निर्माण गरिएको ।

(३) भालुपहाड पर्यापर्यटन हरितपार्क निर्माण, फेदिखोला गा. पा. (लक्ष्य १ गोटा बजेट रु ५ लाख । प्रगती १ गोटा खर्च रु ४,९०,०००।-) : फे दिखोला गा.पा. वडा नं. ३ मा पर्ने भालु पहाडमा पदमार्ग, चौतारो, बिश्रामस्थल सहितको पार्क निर्माण गरिएको ।

(४) वर पिपल चौतारो मर्मत सम्भार, पु.ब.न.पा. १०, राङ्खोला (लक्ष्य ३ गोटा बजेट रु ३ लाख । **प्रगती** ३ गोटा खर्च रु ३,००,०००.-) : पुतलीबजार न.पा. वडा नं. १० मा पर्ने राङ्खोला बजार वरपर रहेका ३ वटा पुराना वरपिपल चौतारीको मर्मत सम्भारको काम गरिएको ।

**(ङ) राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम**

(१) चौतारी निर्माण, आंधिखोला गा. पा. वडा नं ६ (लक्ष्य १ गोटा बजेट रु १ लाख । प्रगती १ गोटा खर्च रु १,००,०००।-) : आंधिखोला गा.पा. वडा नं ६ देउराली चौर स्याङ्जामा चौतारी निर्माण गरिएको ।

(२) कार्यालय भवन, आवास भवन तथा शौचालय अन्य पुंजीगत संर चनाको मर्मत सुधार (लक्ष्य १ पटक बजेट रु ५ लाख । प्रगती १ पटक खर्च रु ५,००,०००।- ): डिभिजन वन कार्यालय भवनमा रहे का ३ वटा जिर्ण भएका शौचालयहरुको मर्मतको काम गरिएको ।

(३) सव डिभिजन वन कार्यालय मर्मत (लक्ष्य २ वटा बजेट रु. १० लाख । प्रगती २ वटा खर्च रु ९,६५,२४४।- ) :

सव डिभिजन वन कार्यालय आंधिखोला-फेदीखोला, सब डिभिजन वन कार्यालय अर्जुनचौपारी र सब डिभिजन वन कार्यालय पुतलीबजारको भवनको छत माथि ट्रस निर्माण गरिएको ।

**(च) प्रचार प्रसार तथा संरक्षण शिक्षा**

(१) पुतलीचौर Botanical Information Center, विकास सिरुबारी १, आंधिखोला **-लक्ष्य** १ गोटा बजेट रु ५ लाख । **प्रगती** १ गोटा खर्च रु ४,६६,२६०.-) आंधिखोला गा.पा. वडा नं. १ मा पर्ने गुरांस पार्कमा थप संरचनाहरु निर्माण भएको ।

(२) सुन्दरचौर Botanical Information Center, विकास भिरकोट ६, **- लक्ष्य** १ गोटा बजेट रु ५ लाख । **प्रगती** १ गोटा खर्च रु ४,७८,६०१।-) भिरकोट न.पा. वडा नं. ६ मा पर्ने सुन्दरचौर पार्कमा थप संरचनाहरु निर्माण भएको ।

**चालु खर्च शिर्षक अर्न्तगतका कार्यक्रमहरु :**

**(क) राष्ट्रिय वन विकास तथा ब्यबस्थापन कार्यक्रम :**

(१) प्रगती समिक्षा र कार्यक्रम तर्जुमा गोष्ठी जिल्ला स्तरीय (लक्ष्य १ पटक बजेट रु. ५० हजार । प्रगती १ पटक खर्च रु ५०,०००.-) : आ.ब. २०८०।०८१ को प्रगतीको समिक्षा गर्नको लागि प्रगती समिक्षा गोष्ठी तथा आ.ब. २०८१।०८२ को वार्षिक वजेट तथा कार्यक्रम तय गर्न योजना तर्जुमा गोष्ठी १ पटक संयुक्त रुपमा आंधिखोला गा.पा. वडा नं. १ बेभ्काङमा संचालन गरी सम्पन्न गरिएको ।

(२) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन (लक्ष्य १ प्याकेज बजेट रु. १० लाख । प्रगती १ प्याकेज खर्च रु ९,०७,१५१।-) : यस कार्यक्रम शीर्षकबाट वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि छुट्टै कार्ययोजना तयार गरी सरोकारवालाहरुसंग अन्तरक्रिया गोष्ठी, प्रचार प्रसारका लागि सामाग्री प्रकाशन, स्थानिय एफ.एम तथा पत्रपत्रिका मार्फत सुचना प्रचार प्रसार, गाडी मर्मत, इन्धन, खाजा तथा विद्यालय शिक्षा तथा सामुदायिक वन उपभोक्ता समूहहरु संग अन्तरक्रिया गोष्ठी संचालन गरी सम्पन्न गरिएको ।

(३) सव डिभिजन वन कार्यालयहरुको सुदृढिकरण तथा व्यबस्थापन -लक्ष्य ८ पटक बजेट रु. ८ लाख । प्रगती ८ पटक खर्च रु ७,९९,९९९.-) : सव डिभिजन वन कार्यालयलाई आवस्यक पर्ने मसलन्द, ल्यापटप, फर्निचर, कम्प्यूटर, लगायतका सामाग्रीहरु खरिद गरि उपलब्ध गर ाईएको .

## (ख) सामुदायिक वन विकास कार्यक्रम

(१) सामुदायिक वनहरुको अनुगमन तथा प्रतिबेदन तयारी (लक्ष्य १ प्याकेज बजेट रु. २ लाख ६५ हजार । प्रगती १ प्याकेज खर्च रु २,५८,२६०।- )

सम्बन्धीत सव डिभिजन वन कार्यालयबाट निम्न बमोजिमका सामुदायिक वनको अनुगमन गरी प्राप्त तथ्याङ्कको बिष्लेषण गरि सामुदायिक वनको अनुगमन पुस्तीका प्रकाशन गरिएको ।

| सि. नं. | सव डिभिजन वन कार्यालयको नाम | सा.व. संख्या | अनुगमन गरिएका सा.ब. को संख्या |
|---|---|---|---|
| १ | आँधिखोला- फेदीखोला | ९१ | ९१ |
| २ | पुतलीबजार | ८८ | ८७ |
| ३ | बिरुवा - हरिनास | ६९ | ६९ |
| ४ | भिरकोट | ५३ | ५३ |
| ५ | अर्जुन चौपारी | २४ | २४ |
| ६ | वालीङ | ८८ | ८८ |
| ७ | चापाकोट | ६० | ६० |
| ८ | गल्याङ - कालीगण्डकी | ४८ | ४८ |
| | जम्मा | ५२१ | ५२० |

(२) सामुदायिक वन उपभोक्ता समुह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरण प्रकृयामा सहजिकरण (लक्ष्य १ गोटा बजेट रु. १ लाख २० हजार । प्रगती १ गोटा खर्च रु ३०,०००।- )

| सि.नं. | सा.व.को नाम | ठेगाना | घरधूरी | क्षेत्रफल (हे) | जनसंख्या | स्वीकृत मिती | कार्ययोजनाको अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | तिलाहार | पुतलीबजार ११ | १० | ०.४ | ६१ | २०८१/०३/१९ | १० बर्ष |

(३) सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना नविकरण सहयोग (गरिव, महिला र दलित लक्षीत जलबायु परिवर्तन अनुकुलन योजना) (लक्ष्य ४० गोटा बजेट रु. ८ लाख । प्रगती ४८ गोटा खर्च रु ७,९७,२७०।- )

| सि.नं | सामूदायिक वनको नाम | ठेगाना | वार्ड नं. | घरधूरी | क्षेत्रफल (हे) | जनसंख्या | नविकरण मिती | कार्ययोजनाको अवधि | म्याद समाप्त हुने आ.व. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रिपन धारापानी | चापाकोट | १ | ४० | ९.४६ | २३१ | २०८०/११/२२ | ५ बर्ष | २०८४/०८५ |
| २ | तिनखोल्सी | चापाकोट | ८ | ११२ | ४५.६६ | ६४६ | २०८०/११/२२ | ५ बर्ष | २०८४/०८५ |
| ३ | तुलुमडाँडा | चापाकोट | १ | ५१ | ४२.३७ | ३३२ | २०८०/११/२२ | ५ बर्ष | २०८४/०८५ |
| ४ | बोम्दीपारी | चापाकोट | १ | ४५ | १९.१६ | ३४३ | २०८०/११/२२ | ५ बर्ष | २०८४/०८५ |
| ५ | हलताछे झांक्री थुम्का | हरिनास | १ | ५६ | ७.३९ | २५७ | २०८०/११/२२ | ५ बर्ष | २०८४/०८५ |
| ६ | रंगुवा | आंधिखोला | ५ | ८६ | १५.१३ | ४८२ | २०८१/०३/२३ | १० बर्ष | २०८९/०९० |
| ७ | सराङ्दी | फेदिखोला | २ | ८२ | १५.७८ | ५२७ | २०८१/०३/२४ | १० बर्ष | २०८९/०९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | खहरे देउपुजे | फेदिखोला | २ | १९८ | ४८.७४ | १०३१ | २०८१/०३/२४ | १० बर्ष | २०८९/०९० |
| ९ | लामीडाँडा ओख्लेपानी | आंधिखोला | ३ | ८३ | ५.९५ | ५४२ | २०८१/०३/२४ | १० बर्ष | २०८९/०९० |
| १० | देउराली मैचाने | फेदिखोला | ३ | ५० | ३.८३ | २९८ | २०८१/०३/२४ | १० बर्ष | २०८९/०९० |
| ११ | इजारे खोलाखर्क | आंधिखोला | ५ | ११२ | ४१.७३ | ६७९ | २०८१/०३/२४ | १० बर्ष | २०८९/०९० |
| १२ | पातल | फेदिखोला | ३ | ३३ | २५.२ | १६४ | २०८१/०२/३० | १० बर्ष | २०८९/०९० |
| १३ | लुकुवा | फेदिखोला | ४ | २६४ | ३५.६९ | १३२९ | २०८१/०२/३० | १० बर्ष | २०८९/०९० |
| १४ | वनपाला स्वांरा ठूलो | फेदिखोला | १ | ७८ | १९.५ | ३९१ | २०८१/०२/३० | १० बर्ष | २०८९/०९० |
| १५ | दोलैचे टोड्के | विरूवा | ६ | २२९ | ३८.५५ | ११४५ | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |
| १६ | नाकेधार | हरिनास | ४,७ | ५५ | २३.३ | २७५ | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |
| १७ | घण्टेलेक | विरूवा | ४ | ११० | २.६४ | ४४० | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |
| १८ | अलैचे बस्यानी | विरूवा | ५ | १३४ | ६.५ | ६७० | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |
| १९ | मनकामना | विरूवा | ७ | ४८ | ४.६५ | २२५ | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |
| २० | खहरे भोर्लाघारी | हरिनास | ५ | ९४ | २६.५ | ४७० | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |
| २१ | गोब्रेखोला तारेपहरा | विरूवा | २ | ३८ | ७.७७ | १९० | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |
| २२ | जुल्पे | विरूवा | ५ | ४७ | ३.४४ | २३५ | २०८१/३/११ | १० वर्ष | २०८९/०९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | बाराही | गल्याङ | १० | १०१ | २४.५ | ६०२ | २०८१/०३/२० | १० वर्ष | २०८९/०९० |
| २४ | उदुञ्दी | गल्याङ | १० | ३३ | १४.२५ | २६२ | २०८१/०३/२० | १० वर्ष | २०८९/०९० |
| २५ | एक्लेचौर | गल्याङ | १० | ६० | ५.८२ | ४३२ | २०८१/०३/२० | १० वर्ष | २०८९/०९० |
| २६ | टाल्टुङ | गल्याङ | १० | ४४ | ३.५२ | ३६७ | २०८१/०३/२० | १० वर्ष | २०८९/०९० |
| २७ | रोलबराह थान | पुतलीबजार | २ | १३८ | ४१.८६ | ९४० | २०८१/३/१६ | १० वर्ष | २०८९/०९० |
| २८ | क्यामुने पाखो सालघारी | पुतलीबजार | ५ | ११३ | ५.७४ | ४४५ | २०८१/३/१८ | १० वर्ष | २०८९/०९० |
| २९ | बाघको खोर | पुतलीबजार | १४ | ९६ | ४१.२९ | ४७८ | २०८१/३/१७ | १० वर्ष | २०८९/०९० |
| ३० | सहेले | अर्जुनचौपारी | १ | १७९ | ३१.२१ | ९२२ | २०८१/३/१७ | १० वर्ष | २०८९/०९० |
| ३१ | महभिर | पुतलीबजार | ५ | १४७ | ५४.६६ | ७५८ | २०८१/३/१८ | १० वर्ष | २०८९/०९० |
| ३२ | मालुङ्गा | गल्याङ | १ | ५९६ | १२३.९४ | ३५५१ | २०८१/०३/२३ | १० वर्ष | २०८९/०९० |
| ३३ | चण्डीथान | गल्याङ | ६ | ३१ | १८ | १६० | २०८१/०३/२३ | १० वर्ष | २०८९/०९० |
| ३४ | जामुने | पुतलीबजार | १३ | ११४ | ११.३७ | ५८५ | २०८१/३/१७ | १० वर्ष | २०८९/०९० |
| ३५ | मोलोथाम | पुतलीबजार | २ | ३६ | २६.८५ | २२१ | २०८१/३/१७ | १० वर्ष | २०८९/०९० |
| ३६ | ठाडोखोला | पुतलीबजार | ३ | ९९ | २ | ५०२ | २०८१/३/१७ | १० वर्ष | २०८९/०९० |
| ३७ | फुलबारि | वालिङ | ६ | १२९ | १६.५ | ४१९ | २०८१/०३/२० | १० वर्ष | २०८९/९० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३८ | खाल्टेखोला | वालिङ | ११ | ११९ | ११।७२ | ८०५ | २०८१/०३/२० | १० वर्ष | २०८९/९० |
| ३९ | थामडाँडा | वालिङ | ११ | ४९ | ५।९९ | २४१ | २०८१/०३/२० | १० वर्ष | २०८९/९० |
| ४० | हेवन | वालिङ | ४ | ६० | २७ | ३०० | २०८१/०३/२० | १० वर्ष | २०८९/९० |
| ४१ | चौधमुरे | वालिङ | २ | १४४ | ५१।०३ | ९३९ | २०८१/०३/२० | १० वर्ष | २०८९/९० |
| ४२ | गल्याम सिद्धेश्वर | फेदिखोला | ४ | ९१ | २४.०४ | ५७२ | २०८१/०३/१८ | १० वर्ष | २०८९/९० |
| ४३ | कोदालीवाङ् | फेदिखोला | ४ | ४२ | ११.३७ | ५७२ | २०८१/०३/१८ | १० वर्ष | २०८९/९० |
| ४४ | बासुलपाखो | फेदिखोला | ५ | ३० | ३६.७२ | २०० | २०८१/०३/१६ | १० वर्ष | २०८९/९० |
| ४५ | रामडांडा लहुके | आंधिखोला | २ | ८३ | २२.३६ | ५४६ | २०८१/०३/१६ | १० वर्ष | २०८९/९० |
| ४६ | लामीडांडा गोगनपानी | आंधिखोला | ३ | १५८ | ३.५ | ९३२ | २०८१/०३/१७ | १० वर्ष | २०८९/९० |
| ४७ | पाङ्ग्रेखोला कुसुन्डेडांडा | फेदिखोला | ३ | १० | १.३५ | ५५ | २०८१/०३/१६ | १० वर्ष | २०८९/९० |
| ४८ | हांडिखोला ढुङ्गेसांगु | आंधिखोला | ४ | ३५ | १४.५० | १७७ | २०८१/०३/१८ | १० वर्ष | २०८९/९० |

(४) सामुदायिक वन उपभोक्ता समुहको संस्थागत सुदृढिकरण तथा लेखा ब्यबस्थापन कोचिङ तथा क्षमता अधिबृद्धी (लक्ष्य ८ पटक बजेट रु.२.४ लाख । प्रगती ७ पटक खर्च रु २,०८,६१०।-)

| सि. नं. | सञ्चालन गरिएको सव डिबिजन वन कार्यालय | सहभागि सा. व. संख्या | सहभागि संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पूरुष | जम्मा |
| १ | आंधिखोला- फेदीखोला | १० | ६ | १४ | २० |
| २ | पुतलीबजार | १ | ७ | १५ | २२ |
| ३ | बिरुवा - हरिनास | २ | ७ | १३ | २० |
| ४ | अर्जुनचौपारी | २ | २ | १८ | २० |
| ५ | वालीङ | ९ | ८ | १२ | २० |
| ६ | चापाकोट | ३ | ४ | १६ | २० |
| ७ | गल्याङ-कालीगण्डकी | ७ | १० | १० | २० |
| | **जम्मा** | **३४** | **४४** | **९८** | **१४२** |

(५) सव डिभिजन स्तरीय सा.ब. को असल अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम (लक्ष्य ८ पटक बजेट रु. २.४ लाख । प्रगती ८ पटक खर्च रु २,४०,०००।- )

| सि. नं. | सञ्चालन गरिएको सव डिभिजन वन कार्यालय | सहभागि सा.व. संख्या | सहभागि संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पूरुष | जम्मा |
| १ | आंधिखोला- फेदीखोला | ५ | ६ | १५ | २१ |
| २ | पुतलीबजार | ९ | ८ | १२ | २० |
| ३ | बिरुवा - हरिनास | ३ | ११ | ९ | २० |
| ४ | अर्जुनचौपारी | १० | ७ | १३ | २० |
| ५ | वालीङ | १ | ९ | १६ | २५ |
| ६ | चापाकोट | ३ | ७ | १४ | २१ |
| ७ | गल्याङ-कालीगण्डकी | १ | ९ | १६ | २५ |
| | **जम्मा** | **३२** | **५७** | **९५** | **१५२** |

## (ग) वन क्षेत्रका चुनौती व्यबस्थापन

(१) कानूनी कार्यविधि (जाहेरी दरखास्त देखि फैसला कार्यान्वयन) सम्बन्धि तालिम (लक्ष्य १ पटक बजेट रु. १.० लाख । प्रगती १ पटक खर्च रु १,००,०००।-) ।

डिभिजन वन कार्यालय अर्न्तगत कार्यरत वन अधिकृत, अधिकृत छैटौ (प्राविधिक), अधिकृत छैटौ (प्रसाशन), लेखापाल, फरेष्टर सहभागी भई कार्यक्रम सञ्चालन भएको ।

(२) वन तथा वन्यजन्तु सम्वन्धी मुद्दाको अनुसन्धान तहकिकात र मुद्दा

दायरी (लक्ष्य १ प्याकेज बजेट रु.२ लाख । प्रगती १ प्याकेज खर्च रु १,९४,१०५।)

आ.ब.२०८०।०८१ मा यस कार्यालयबाट वन अपराध सम्बन्धी १ वटा मुद्धा मात्र अनुसन्धान तहकिकात गरि जिल्ला अदालत स्याङ्जामा अभियोजन गरिएको । यस सम्बन्धी बिस्तृत विवरण अनुसुचि-३ मा राखिएको छ ।

(३) वन अपराध नियन्त्रणको लागि गस्ती परिचालन (लक्ष्य १ पटक बजेट रु.४ लाख । प्रगती १ पटक खर्च रु ३,२१,११५।-

वन अपराध नियन्त्रणको लागि सब डिभिजन वन कार्यालयहरुबाट नियमित रुपमा गस्ती गरिएको तथा आवस्यकता अनुसार डिभिजन वन कार्यालयबाट समेत गस्ती कार्य सञ्चालन गरिएको ।

**(घ) नर्सरी र वृक्षारोपण कार्यक्रम**

(१) जिल्ला स्थीत वन नर्सरीबाट विभिन्न पालिकाहरुमा वितरणका लागि विरुवा ढुवानी कार्य (लक्ष्य १ प्याकेज बजेट रु. २ लाख । प्रगती १ प्याकेज खर्च रु ५६,०००।-) :

डिभिजन वन कार्यालय अर्न्तगतका पुतलीखेत र वाडखोला वन नर्सरीबाट मुख्यतया सार्वजनिक/सरकारी जग्गामा वृक्षारोपणको लागि आंधिखोला गांउपालिका वडा नं. १ पञ्चमुलमा विरुवा ढुवानी कार्य सञ्चालन भएको ।

(२) वृक्षारोपण (लक्ष्य १ प्याकेज बजेट रु. २ लाख । प्रगती १ प्याकेज खर्च रु २,००,०००।-) :

डिभिजन वन कार्यालय अर्न्तगतका पुतलीखेत र वाडखोला वन नर्सरीबाट तेजपातका विरुवा ढुवानी गरी आंधिखोला गांउपालिका वडा नं. १ पञ्चमुलमा रहेको सार्वजनिक/सरकारी जग्गा करिब ४ हेक्टरमा वृक्षारोपण कार्य सञ्चालन भएको ।

**संघ शशर्त अनुदान तर्फको**

**कार्यक्रम : राष्ट्रिय वन विकास तथा ब्यबस्थापन**

**अ. पुंजीगत खर्च शिर्षक अन्तरगतका कार्यक्रमहरु :**

(१) कृषि वन कार्यक्रम (लक्ष्य १ प्याकेज बजेट रु.५ लाख । प्रगती १ प्याकेज खर्च रु २,९०,६५०।-)

| सि. नं. | कार्यक्रम सञ्चालन गर्ने संस्थाको नाम | रोपण गरिएको स्थान | रोपण गरिएको जात र संख्या |
|---|---|---|---|
| १ | ताम्केकोट कृषि वन उपभोक्ता समिति, गल्याङ न. पा. -४ र ५ | गल्याङ न. पा. - ४ र ५ को स्यालबास, मोहनीडांडा, खोलाखर्क | सुन्तला १५०० कागती १५३१ एभोकार्डो २०० |
| २ | कृषि वन कार्यक्रम उपभोक्ता समिति , आंधिखोला गा. पा. १ | आंधिखोला गा. पा. १ को दत्तेलोटे त्रिवेणी, भक्मिले, निवुवावोट | अम्बा १५०० कागती १५०० |

(२) बहुबर्षिय विरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित) (लक्ष्य १ पटक बजेट रु.१० लाख । प्रगती १ पटक खर्च रु ५,९६,४३६.-)

| सि. नं. | जात | डिभिजन वन नर्सरी | पुतलीखेत नर्सरी | कुल जम्मा |
|---|---|---|---|---|
| १ | धुपी | ६४५० | ० | ६४५० |
| २ | कल्की फुल | ० | १४८० | १४८० |
| ३ | गोलमोहर | २५३५ | ५९० | ३१२५ |
| ४ | विरेन्द्रफुल | ० | ३२० | ३२० |
| ५ | पारीजात | १६९० | ११६५ | २८५५ |
| ६ | कपुर | ३३८ | १४७ | ४८५ |
| **जम्मा** | | **११०१३** | **३७०२** | **१४७१५** |

(३) मानव वन्यजन्तु द्धन्द न्युनिकरण (लक्ष्य १ पटक बजेट रु. ६ लाख । प्रगती १ पटक खर्च रु ३,१०,९१०।-)

यस कार्यक्रम शीर्षकबाट समस्याग्रस्त वन्यजन्तुको उद्धारका लागि इन्धन तथा ढुवानी खर्च, वन्यजन्तुको आहार तथा औषधी उपचार खर्च, स्थानीय संचार माध्यमबाट मानव वन्यजन्तु द्धन्द न्युनिकरणका लागि सचेतनामुलक प्रचार सामाग्री प्रशारण साथै वन्यजन्तु उद्धार कार्यगर्न का लागि फिल्ड निरिक्षण तथा अनुगमन कार्य संचालन गरीएको ।

**संघ शशर्त अनुदान तर्फको**

**कार्यक्रम : वातावरण विभाग**

**पुजिगत खर्च अन्तरगतका कार्यक्रमहरु**

(१) हरियाली पार्क निर्माण देउराली सामुदायिक वन पुतलीबजार न. पा. बहाकोट स्याङ्जा (लक्ष्य १ गोटा बजेट रु ७ लाख । प्रगती १ गोटा खर्च रु ६,८६,९४८।-)

(२) मेथीबारी वन वाटिका वालिङ न.पा. १३ स्याङ्जा (लक्ष्य १ गोटा बजेट रु २० लाख । प्रगती १ गोटा खर्च रु १७,६९,५४९।-)

(३) स्याङ्जा भ्यु प्वाईन्ट तथा हरियाली उद्यान निर्माण पुतलीबजार न. पा. वडा नं. ४ (लक्ष्य १ गोटा बजेट रु १५ लाख । प्रगती १ गोटा खर्च रु १४,९७,७७६।-)

(४) हरित पार्क निर्माण तथा व्यवस्थापन श्री सेरुङ्गा सामुदायिक वन वालिङ १ स्याङ्जा (लक्ष्य १ गोटा बजेट रु १५ लाख । प्रगती १ गोटा खर्च रु १३,९५,८५३।-)

(५) बसन्ते सामुदायिक वनमा रहेको चण्डी मन्दिर परिसरमा पार्क निर्माण, पुतलीबजार न. पा. ८, स्याङ्जा (लक्ष्य १ गोटा बजेट रु ८ लाख । प्रगती १ गोटा खर्च रु ७,९७,८२६।-)

**संघ शशर्त अनुदान तर्फको**

**कार्यक्रम : जडिबुटि बिकास कार्यक्रम**

**पुजिगत खर्च अन्तरगतका कार्यक्रमहरु**

(१) जडिबुटी विरुवा उत्पादन तथा खेती बिस्तार (लक्ष्य १ पटक बजेट रु ५ लाख । **प्रगती** गोटा खर्च रु ४,९९,८२०.-)

| **सि.नं.** | **जात** | **पुतलीखेत नर्सरी** | **गल्याङ नर्सरी** | **जम्मा** |
|---|---|---|---|---|
| १ | अमला | १८०५ | ४०३९ | ५८४४ |
| २ | कुरीलो | ७९५५ | १७५६ | ९७११ |
| ३ | टिमुर | ३८५० | ० | ३८५० |
| ४ | तेजपात | ० | २१२२ | २१२२ |
| ५ | मोरीङ्गा | १४४० | ० | १४४० |
| ६ | चिउरी | ० | २११५ | २११५ |
| | **जम्मा** | **१५०५०** | **१००३२** | **२५०८२** |

(२) पकेट क्षेत्रमा जडिबुटि खेति बिस्तार (**लक्ष्य** १ पटक बजेट रु ४ लाख । प्रगती गोटा खर्च रु ४,००,०००।-)

पुतलीबजार न.पा. वडा नं. ७ मोहोरीया क्षेत्रमा रहेको एक जना कृषकको नाममा रहेको करिब १० रोपनी बांझो जग्गामा टिमुरमा ८०० गोटा र भिरकोट न.पा. वडा नं. ४ दबुङ क्षेत्रमा सि.के. एग्रो कृषि तथा पशुपंक्षी फर्मले करिब २० रोपनी निजी जग्गामा टिमुर २००० गोटा बिरुवाहरु रोपण गरिएको ।

## अनुसुचि - १

## वन्यजन्तुबाट भएको क्षती र राहतको विवरण

| सि. नं. | विवरण | घटना संख्या | मृतक संख्या | सिफारीस राहत रुकम रु. |
|---|---|---|---|---|
| १ | पशुधनको क्षती (बाखा, गाई भैसी) | ३२५ | ३३८ | रु १८,८७,०८०।- |
| २ | मानिस घाईते | १ जना | | |
| ३ | पंक्षीको क्षती (कालीज, काखुरा) | १ | २७९ | |
| ४ | अन्नबालीको क्षती | १ (२० क्वीन्टल मकै) | | |

## अनुसुचि - २

**वन्यजन्तुको उद्धार सम्बन्धि बिवरण :**

| सि. नं | वन्यजन्तुको नाम | उद्धार गरिएको संख्या | अबस्था (जीबित/मृत) | कैफियत |
|---|---|---|---|---|
| १ | चितुवा | ८ | मृत | |
| २ | चितुवा | १ | जीवीत (बच्चा) | |
| ३ | रतुवा मृग | ३ | मृत | |
| ४ | रतुवा मृग | ३ | जीवीत | |

## अनुसुचि - ३

**वन, वन्यजन्तु सम्बद्ध अपराधका घटनाको अनुसन्धान गरी जिल्ला अदालतमा दायर मुद्धा सम्बन्धी बिवरण :**

| अदालतमा पेश गरीएको मिति | प्रतिबादीहरुको नाम थर र वतन | बरामदी मालबस्तुको बिवरण | अभियोजन गर्दा गरिएको माग दाबी |
|---|---|---|---|
| २०८०।१२.२६ | जिल्ला कास्की साविक पोखरा उपमहानगरपालिका वडा नं. १७ हाल पोखरा महानगरपालिका वडा नं. १७ बस्ने बर्ष ३६ का विवेक गिरी, जिल्ला स्याङ्जा साविक सेखाम गा.वि.स. वडा नं. ३ हाल चापाकोट नगरपालिका वडा नं. ७ बस्ने बर्ष ४७ का थमन सिं गुरुङ। | राष्ट्रिय वन क्षेत्रमा भएको पिपल रुख कटान गरी उत्पादन भएको चिरान काठ थान ४६ को परिमाण ४९.७८ क्यू.फि. काठ अबैध रुपमा ग १ त ६३६३ नम्बरको ट्याक्टर थान एक मा लोड गरि ओसार पसार गरेको। | विवेक गिरी समेत जना २ लाई वन ऐन, २०७६ को दफा ५० को उपदफा (६) बमोजिम सजाय र ट्याक्टरको हकमा वन ऐन २०७६ को दफा ६८ (१) बमोजिम बरामद भएको उक्त ट्याक्टर जफत समेत। |

## अनुसुचि - ४

**सामुदायिक वनबाट उत्पादन भई समुह बाहिर बिक्री भएको वन पैदावारको बिवरण**

| सि. नं. | जात | काठ क्यू. फि. | दाउरा चट्टा | प्राप्त रकम रु |
|---|---|---|---|---|
| १ | साल | ५५५५.९३ | ७ | मु.अ. कर रु. ११,४६,१००।-<br>प्रदेश सेवा शुल्क रु.१,४०,५७०।- |
| २ | खयर | १९४०.३४ | - | |
| ३ | अन्य | ३२४.७९ | - | |
| | जम्मा | ७८२१.०६ | ७ | |

## अनुसुचि - ५

### निजी दर्ता जग्गाबाट उत्पादन भई विक्रि भएको वन पैदावारको विवरण

| सि. नं. | जात | काठ क्यू. फि. | दाउरा चट्टा | प्राप्त रकम रु |
|---|---|---|---|---|
| १ | खयर | ७०११२.५५ | - | मु. अ. कर रु. १,३५,०८,४०८।-<br>प्रदेश सेवा शुल्क रु.२,६२,०९१।- |
| २ | चिलाउने कटुस लगायतका अन्य प्रजातीहरु | २५४४५.७६ | ११४ | |
| | जम्मा : | ९५,५५८.३१ | ११४ | |

## अनुसुचि - ६

### मुद्धामा बरामद भएको तथा वेवारीसे काठ विक्रि भएको  विवरण

| सि.नं. | जात | काठ क्यू. फि. | दाउरा चट्टा | प्राप्त रकम रु |
|---|---|---|---|---|
| १ | साल, चिलाउने, सल्लो सिसौ, टुनी, सिमाल र अन्य | १०४७.२४ | - | मु. अ. क. रु ८५,०००।-<br>राजस्व रकम रु. ६,५३,२२०।-<br>आयकर रु. ९,८५०।- |

## अनुसुचि - ७

### बेरुजु र फस्यौंट को बिवरण

| आ.ब. २०७८।०७९ सम्मको फस्यौंट गर्न बांकी बेरुजु रकम रु | आ.ब. २०७९।०८० को बेरुजु रकम रु | आ.ब. २०८०।०८१ सम्मको जम्मा को बेरुजु रकम रु | आ.ब. २०८०।०८१ मा फस्यौंट भएको बेरुजु रकम रु | फस्यौंट गर्न बांकी बेरुजू  रकम रु |
|---|---|---|---|---|
| ० | ० | ० | ० | ० |

## अनुसुचि - ८

व्यबस्थापनको आधारमा वन सम्बन्धी विवरण

| सि. नं | वनको विवरण | संख्या | क्षेत्रफल (हे.) | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| | जिल्लाको कुल क्षेत्रफल | | १०१३४९ | | |
| | जिल्लाको वन क्षेत्रको कुल क्षेत्रफल | | ३३६८३.८१ | | |
| १ | बैज्ञानीक वन व्यबस्थापन लागु भएका सामुदायिक बन. | ९ | १११५.६७ | १५३० | ९४९४ |
| | बैज्ञानीक वन व्यबस्थापन लागु नभएका सामुदायिक वन | ५१३ | १५०२०.६६ | ५७३४ | ३३०७७२ |
| | सामुदायिक वनको जम्मा | ५२२ | १६१३६.३३ | ५८६६४ | ३३९८०३ |
| २ | कबुलियती वन | १४ | ९७.९७ | १७२ | १०३७ |
| ३ | धार्मीक वन | २ | १२.११ | १७१ | |
| ४ | वन संरक्षण क्षेत्र (पञ्चासे अन्तरगत साविकका बाङसिङ, बांगेफडके र आरुखर्क गा. बि. स. हालका आंधिखोला र फेदीखोला गांउपालीका | | २०३४.४६ | | |
| ५ | सरकारद्धारा व्यबस्थीत वनको क्षेत्रफल | | १५४०३.३४ | | |
| ६ | निजी वन | ६० | ४३.८२ | ७१ | |

# अनुसुचि - ९

## सवारी साधनको बिवरण

| सि. नं | सबारी साधनको किसीम | पुरानो संख्या | | | नयां प्राप्त/ खरिद | हाल चालु अवस्थामा रहेका संख्या |
|---|---|---|---|---|---|---|
| | | जम्मा | लिलाम गर्नु पर्ने अवस्थाका | हाल चालु हालतमा रहेका | | |
| १ | पीकअप गाडी | ० | ० | १ | ० | १ गोटा |
| २ | मोटर साईकल | ७ | ३ | ४ | ० | ४ गोटा (जम्मा ४ गोटा मध्ये १ गोटा पुरानो, २ गोटा आ.ब. २०७८।०७९ मा खरिद गरिएको र १ गोटा आ.ब. २०७९।०८० मा खरिद गरिएको । |

## अनुसुचि - १०
## भवनको बिवरण

| सि. नं | कार्यालय | भवन संख्या | कैफियत |
|---|---|---|---|
| १ | डिभिजन वन कार्यालय | ४ | १ गोटा भवन जीर्ण, द्वन्दकालमा बम बिस्फोट गराई जिर्ण भएको ले भत्काएर हटाउनु पर्ने, १ गोटा भवन जलाधार व्यबस्थापन कार्यालय पर्वतले प्रयोगमा ल्याएको । |
| २ | सब डि. ब. का. पुतलीबजार | ३ | २ गोटा भवन जिर्ण अवस्थामा रहेको । |
| ३ | सब डि. ब. का. आंधिखोला, फेदीखोला | १ | |
| ४ | सब डि. ब. का. वालीङ | २ | १ गोटा भवन जिर्ण अवस्थामा रहेको । द्वन्दकालमा बम बिस्फोट गराई जिर्ण भएकोले भत्काएर हटाउनु पर्ने । |
| ५ | सब डि. ब. का. चापाकोट | १ | १ गोटा भवन जिर्ण अवस्थामा रहेकोले अर्को नयां भवन बनाउनु पर्ने । |
| ६ | सब डि. ब. का. गल्याङ कालीगण्डकी | १ | |
| ७ | सब डि. ब. का. अर्जुनचौपारी | १ | ३ गोटा कोठा मात्र भएको, कोठा अपुग भएकोले तल्ला थप गर्नुपर्ने । |
| ८ | सब डि. ब. का. भिरकोट | ० | हालसम्म भवन नरहेकोले नयां निर्माण गर्नु पर्ने |
| ९ | सब डि. ब. का. बिरुवा | ० | नयां निर्माण गर्नु पर्ने |

# अनुसुचि-११

## डिभिजन वन कार्यालय स्याङ्जाको आ.व. २०८०/०८१ को वार्षिक लक्ष्य र प्रगती बिवरण

गण्डकी प्रदेश सरकार
डिभिजन वन कार्यालय, स्याङ्जा
आ.व.०८०/०८१ को वार्षिक लक्ष्य र प्रगति विवरण

आ.व. २०८०/०८१
मन्त्रालय : उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कार्यक्रमको नाम : डिभिजन वन कार्यालयहरुको कार्यक्रम (ब.उ.शी.नं. ३०७०२०१२)
जिल्ला : स्याङ्जा

रकम रु. लाखमा

| सि.नं | कार्यक्रम/कियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक भौतिक प्रगती | | | वार्षिक वितिय प्रगती | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | वजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| अ) | पूजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | |
| ११.३.७.३२ | कार्यालय प्रयोजनका लागि मेशिन औजार खरिद | ३११२२ | पटक | १ | ०.५८ | ३ | १ | ०.५८ | १००.०० | २.९९ | ९९.६७ | |
| ११.४.१७.६६४ | एक्ले काब्रो रहेको स्थानमा चौतारो सहितको हरित बाल उद्यान निर्माण, गल्याङ ११, जिमुहा | ३११५७ | वटा | १ | १.९५ | १० | १ | १.९५ | १००.०० | ८.७८ | ८७.८० | |
| ११.६.१३.१ | कार्यालयको लागी फर्निचर तथा फिक्चर्स खरिद | ३११२३ | पटक | १ | ०.१९ | १ | १ | ०.१९ | १००.०० | ०.९९ | ९९.०० | |
| ६ | नर्सरी र वृक्षारोपण कार्यक्रम | | | | ०.०० | | | ०.०० | | | | |
| ११.४.१७.२ | बिरुवा उत्पादन | ३११५७ | वटा | ५० | १.४६ | ७.५० | ५० | १.४६ | १००.०० | ७.४९ | ९९.८७ | |
| ७ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार खेतिको विकास तथा विस्तार | | | | ०.०० | | | ०.०० | | | | |
| ११.४.१७.३ | नर्सरी मर्मत | ३११५७ | वटा | ४ | ०.३९ | २ | १ | ०.३९ | १००.०० | १.३४ | ६७.०० | |
| १ | सामुदायिक वन विकास कार्यक्रम | | | | ०.०० | | | ०.०० | | | | |
| ११.४.१७.९१ | एक सामुदायिक वन एक पोखरी निर्माण | ३११५७ | वटा | ४ | ०.७८ | ४ | १ | ०.७८ | १००.०० | ३.९७ | ९९.२५ | |
| ११.४.१७.४३१ | वन व्यवस्थापन गरी काठ दाउरा उत्पादन | ३११५७ | पटक | १ | १.१७ | ६ | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| ११.४.१७.६४३ | सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास | ३११५७ | पटक | १२ | ०.५८ | ३ | १२ | ०.५८ | १००.०० | २.९८ | ९९.३३ | |
| १० | शहरी वन विकास कार्यक्रम | | | | ०.०० | | | ०.०० | | | | |
| ११.४.१७.३३८ | करेनडांडा हरित पार्क निर्माण, पु.व.न.पा. ११ | ३११५७ | पटक | १ | ०.९७ | ५ | १ | ०.९७ | १००.०० | ५.०० | १००.०० | |
| ११.४.१७.३७२ | पार्क निर्माण, श्री प्रधुन्न पनेरु उच्च मा.वि. रंगेठाटी आंधिखोला ५ | ३११५७ | पटक | १ | ०.९७ | ५ | १ | ०.९७ | १००.०० | ४.९९ | ९९.८० | |
| ११.४.१७.६६० | भालुपहाड पर्यापर्यटन तथा हरित पार्क | ३११५७ | पटक | १ | ०.९७ | ५ | १ | ०.९७ | १००.०० | ४.९० | ९८.०० | |
| ११.४.१७.६६१ | वर पिपल चौतारो मर्मत संभार, पु.व.न.पा. १०, राङ्खोला | ३११५७ | पटक | ३ | ०.५८ | ३ | ३ | ०.५८ | १००.०० | ३.०० | १००.०० | |
| ९ | राष्टिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | | | | ०.०० | | | ०.०० | | | | |
| ११.४.१७.३७१ | चौतारी निर्माण, आंधीखोला ६, देउराली चौर स्याङ्जा | ३११५७ | पटक | १ | ०.२२ | १ | १ | ०.२२ | १००.०० | १.०० | १००.०० | |
| ११.५.२२.१७ | कार्यालय भवन, आवास भवन तथा शौचालय अन्य पुंजीगत संरचनाको मर्मत सुधार | ३११७१ | पटक | १ | ०.९७ | ५ | १ | ०.९७ | १००.०० | ५.०० | १००.०० | |
| ११.५.२२.२० | सब डिभिजन वन कार्यालय मर्मत | ३११७१ | वटा | २ | १.९५ | १० | २ | १.९५ | १००.०० | ९.६५ | ९६.५० | |
| ११ | प्रचारप्रसार तथा संरक्षण शिक्षा | | | | ०.०० | | | ०.०० | | | | |
| ११.४.१७.६४५ | पुतलीचौर Botanical Information Center, सिरुवारी १, आंधीखोला | ३११५७ | पटक | १ | ०.९७ | ५ | १ | ०.९७ | १००.०० | ४.६६ | ९३.२० | |
| ११.४.१७.६४६ | सुन्दरचौर Botanical Information Center, भिरकोट ६ | ३११५७ | पटक | १ | ०.९७ | ५ | १ | ०.९७ | १००.०० | ४.७८ | ९५.६० | |
| | पूजिगत खर्च तर्फ जम्मा | | | | १५.६७ | ८०.५ | १ | १३.९२ | ८८.८३ | ७१.५२ | ८८.८४ | |

नवराज बराल
डिभिजनल वन अधिकृत

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च अन्तर्गतका कार्यक्रम | | | | | | | | | | | |
| १ | प्रशासनीक खर्च कार्यक्रम | | प्याकेज | १ | ७५.३३ | ३८७.५ | १ | ७५.३३ | १००.०० | २७६.५३ | ७१.३७ | |
| ९ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | | | | ०.०० | | | ०.०० | | | | |
| २.७.५.३७ | प्रगति समिक्षा र कार्यक्रम तर्जुमा गोष्ठी जिल्ला स्तरीय | २२५२२ | पटक | १ | ०.१० | ०.५ | १ | ०.१० | १००.०० | ०.५० | १००.०० | |
| २.७.२१.९ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन | २२५२२ | संख्या | १ | १.९५ | १०.० | १ | १.९५ | १००.०० | ९.०७ | ९०.७० | |
| २.७.२५.९४ | सब डिभिजन वन कार्यालयहरुको सुदृधिकरण तथा व्यवस्थापन | २२५२२ | पटक | ८ | १.५६ | ८.०० | १ | १.५६ | १००.०० | ७.९९ | ९९.८८ | |
| १ | सामुदायिक वन विकास कार्यक्रम | | | | ०.०० | | | ०.०० | | | | |
| २.७.५.२०७ | सामुदायिक वनहरुको अनुगमन तथा प्रतिवेदन तयारी | २२५२२ | संख्या | ५३० | ०.५२ | २.६५ | १ | ०.५२ | १००.०० | २.५८ | ९७.३६ | |
| २.७.१९.२ | सामुदायिक वन उपभोक्ता समुह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरण परकियामा सहजीहरण | २२५२२ | वटा | ४ | ०.२३ | १.२० | १ | ०.२३ | १००.०० | ०.३० | २५.०० | |
| २.७.१९.३ | सा.व.उ.स.को कार्ययोजना नविकरणमा सहयोग | २२५२२ | वटा | ४० | १.५६ | ८.०० | १ | १.५६ | १००.०० | ७.९७ | ९९.६३ | |
| २.७.१९.५४ | सा.व.उ.स. संस्थागत सुदृढिकरण तथा लेखा व्यवस्थापन कोचिङ तथा क्षमता अभिबृद्धि | २२५२२ | संख्या | ८ | ०.४७ | २.४ | १ | ०.४७ | १००.०० | २.३८ | ९९.१७ | |
| २.७.२१.४१८ | सब डिभिजन स्तरीय सा.व.को असल अभ्यास सम्बन्धी अन्तरक्रिया | २२५२२ | पटक | ८ | ०.४७ | २.४ | १ | ०.४७ | १००.०० | २.३९ | ९९.५८ | |
| ८ | वन क्षेत्रका चुनौती व्यवस्थापन | | | | ०.०० | | | ०.०० | | | | |
| २.७.८.२९ | कानूनी कार्यविधि (जाहेरी दरखास्त देखि फैसला कार्यान्वयन) सम्बन्धि तालिम | २२५२२ | पटक | १ | ०.१९ | १ | १ | ०.१९ | १००.०० | १.०० | १००.०० | |
| २.७.२१.३०७ | वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान र मुद्दा दायरी तालिम | २२५२२ | पटक | १ | ०.३९ | २ | १ | ०.३९ | १००.०० | १.९४ | ९७.०० | |
| २.७.२१.३८५ | वन अपराध नियन्त्रणको लागि गस्ती परिचालन | २२५२२ | प्याकेज | १ | ०.७८ | ४ | १ | ०.७८ | १००.०० | ३.२१ | ८०.२५ | |
| ६ | नर्सरी र वृक्षारोपण कार्यक्रम | | | | ०.०० | | | ०.०० | | | | |
| २.७.२१.४२४ | जिल्ला स्थीत वन नर्सरीबाट विभिन्न पालिकाहरुमा वितरणका लागि बिरुवा ढुवानी कार्य | २२५२२ | जिल्ला | १ | ०.३९ | २ | १ | ०.३९ | १००.०० | ०.५६ | २८.०० | |
| २.७.२१.४२५ | वृक्षारोपण (सरुक्षण कार्य समेत) | २२५२२ | जिल्ला | १ | ०.३९ | २ | १ | ०.३९ | १००.०० | २.०० | १००.०० | |
| ख) | चालु खर्च कार्यक्रमको जम्मा : | | | | ८४.३३ | ४३४ | | ८४.३३ | १००.०० | ३१८.४२ | ७३.४३ | |
| | कूल जम्मा | | | | १०० | ५१४ | | ९८.२५ | ९८.२५ | ३८९.९४ | ७५.८५ | |

वार्षिक भौतिक प्रगती : ९८.२५ %

वार्षिक वित्तिय प्रगती : ७५.८५ %

योजना शाखा

आर्थिक प्रशासन शाखा

कार्यालय प्रमुख
नवराज बराल
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
डिभिजन वन कार्यालय, स्याङ्जा
आ.व.०८०/०८१ को वार्षिक लक्ष्य र प्रगति विवरण

आ.व. २०८०/०८१
मन्त्रालय : उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कार्यक्रम शिर्षक : संघ शसर्त अनुदान (३०७९११३५)
कार्यक्रमको नाम : वातावरण विभाग
जिल्ला : स्याङ्जा

रकम रु. लाखमा

| सि. नं. | कार्यक्रम/कियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक भौतिक प्रगती | | | बार्षिक वितिय प्रगती | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | वजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| अ) | पुँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | |
| १ | हरियाली पार्क निर्माण, देउराली सामुदायिक वन पुतलीवजार न.पा. बहाकोट स्याङ्जा | ३११५७ | पटक | १ | १०.७७ | ७ | १ | १०.७७ | १०० | ६.८६ | ९८ | |
| २ | मर्दीबारी वन वाटिका वालिङ १३ स्याङ्जा | ३११५७ | पटक | १ | ३०.७७ | २० | १ | ३०.७७ | १०० | १७.६९ | ८८ | |
| ३ | स्याङ्जा भ्यु प्वाइन्ट तथा हरियाली उद्यान निर्माण, पुतलीवजार ४, स्याङ्जा | ३११५७ | पटक | १ | २३.०८ | १५ | १ | २३.०८ | १०० | १४.९७ | १०० | |
| ४ | हरित पार्क निर्माण तथा व्यवस्थापन श्री सेरुटगा सामुदायिक वन वालिङ १ स्याङ्जा | ३११५७ | पटक | १ | २३.०८ | १५ | १ | २३.०८ | १०० | १३.६५ | ९३ | |
| ५ | बसन्त सामुदायिक वनमा चण्डी मन्दिर परिसरमा पार्क निर्माण, पुतलीवजार न.पा. ८ स्याङ्जा | ३११५७ | पटक | १ | १२.३१ | ८ | १ | १२.३१ | १०० | ७.९७ | १०० | |
| अ) | पुँजीगत खर्च कार्यक्रमको जम्मा : | | | | १००.० | ६५ | | १००.० | १०० | ६१.४ | ९५ | |
| | कुल जम्मा खर्च | | | | १००.० | ६५ | | १००.० | १०० | ६१.४ | ९५ | |

बार्षिक भौतिक प्रगती : १००.०० %
बार्षिक वितिय प्रगती : ९५.०० %

योजना शाखा

आर्थिक प्रशासन शाखा

कार्यालय प्रमुख
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
डिभिजन वन कार्यालय, स्याङ्जा
आ.व.०८०/०८१ को वार्षिक लक्ष्य र प्रगति विवरण

आ.व. २०८०/०८१
मन्त्रालय : उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कार्यक्रम शिर्षक : संघ शसर्त अनुदान (३०७९११३२)
कार्यक्रमको नाम : राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
जिल्ला : स्याङ्जा

रकम रु. लाखमा

| सि. नं. | कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक भौतिक प्रगती | | | वार्षिक वित्तिय प्रगती | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| क) | पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | |
| १ | कृषि वन कार्यक्रम | ३११५७ | पटक | १ | २३.८१ | ५.० | १ | २४.२५ | १०२ | २.९० | ५८ | |
| ३ | बहुवर्षे बिरुवा उत्पादन | ३११५७ | पटक | १ | ४७.६२ | १० | १ | ४९.८३ | १०५ | ५.९३ | ६० | |
| ४ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण | ३११५७ | पटक | १ | २८.५७ | ६ | १ | २५.९२ | ९१ | ३.१० | ५२ | |
| क) | पूँजीगत खर्च कार्यक्रमको जम्मा : | | | ४.० | १००.० | २१ | ३ | १००.०० | १०० | ११.९३ | ५७ | |
| | कुल जम्मा | | | | १००.० | २१ | | | १०० | ११.९३ | ५७ | |

वार्षिक भौतिक प्रगती : १००.०० %

वार्षिक वित्तिय प्रगती : ५७.०० %

[illegible]

आर्थिक प्रशासन शाखा

कार्यालय प्रमुख
नवराज बराल
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
डिभिजन वन कार्यालय, स्याङ्जा
आ.व.०८०/०८१ को वार्षिक लक्ष्य र प्रगति विवरण

आ.व. २०८०/०८१

मन्त्रालय : उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कार्यक्रम शिर्षक : संघ शसर्त अनुदान (३०७९११३१)

कार्यक्रमको नाम : जडिबुटी विकास कार्यक्रम

रकम रु. लाखमा

जिल्ला : स्याङ्जा

| सि.नं. | कार्यक्रम/कियाकलाप | खर्च शिर्षक | इकाई | वार्षिक लक्ष्य | | | वार्षिक भौतिक प्रगती | | | वार्षिक वितिय प्रगती | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| क) | पुँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | |
| १ | जडिबुटी बिरुवा उत्पादन तथा खेती बिस्तार | ३११५९ | पटक | १ | ५५.५६ | ५ | १ | ५५.५१ | १०० | ४.९९ | १०० | |
| २ | पकेट क्षेत्रमा जडिबुटी खेती बिस्तार | ३११५९ | पटक | १ | ४४.४४ | ४ | १ | ४४.४९ | १०० | ४.०० | १०० | |
| क) | पुँजीगत खर्च कार्यक्रमको जम्मा : | | | | १००.० | ९ | | १००.० | १०० | ८.९९ | ९९.८९ | |
| | कुल जम्मा खर्च | | | | १००.० | ९ | | १००.० | १०० | ८.९९ | ९९.८९ | |

वार्षिक भौतिक प्रगती : १००.०० %

वार्षिक वित्तिय प्रगती : ९९.८९ %

योजना शाखा

आर्थिक प्रशासन शाखा

नवराज बराल
डिभिजनल वन अधिकृत
कार्यालय प्रमुख